# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाडौँ

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४९६

मिति: २०८३।०५।०४ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### काठमाडौँबाट लागु औषध खैरो हेरोईन ३२.५८० ग्राम र नगद चार लाख सहित २ जना पक्राउ ।

लागु औषधको कारोवार गर्न सक्ने गिरोहहरुको निगरानी गर्ने क्रममा मिति २०८३।०५।०२ गते लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौँ कागेश्वरी मनहरा न.पा. वडा नं. ६ बाट लागु औषध खैरो हेरोईन खरिद बिक्री गर्दै गरेको अवस्थामा निम्न उल्लेखित नामथर, ठेगाना भएका २ जनालाई **लागु औषध खैरो हेरोईन ३२.५८० ग्राम र नेपाली चार लाख रूपैयाँ** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भइरहेको ।

**निम्न:-**

**पक्राउ प्रतिवादीहरूको विवरण:**

१. जिल्ला दोलखा शैलुङ न.पा. वडा नं. ८ ठेगाना भएका वर्ष २५ को सविन कार्की
२. जिल्ला सप्तरी शम्भुनाथ न.पा. वडा नं. ७ ठेगाना भएका वर्ष ४१ को अजय दास

**बरामद दशी (सामानहरू) को विवरण:**

१. लागु औषध खैरो हेरोईन ३२.५८० ग्राम
२. नेपाली नगद रू. ४,००,००० ।- (अक्षेरूपी चार लाख)
३. डिजिटल तराजु थान २
४. मोबाइल थान २

•••

**सह-प्रवक्ता**
**(जिवन निरौला)**
**प्रहरी नायव उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]